# नेपाल राजपत्र

## भाग ३

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**खण्ड २२ ] काठमाडौं, कार्तिक ७ गते २०२९ साल [ अतिरिक्ताङ्क ३६ (क)**

श्री ५ को सरकार

### राष्ट्रिय शिक्षा समितिको
### सूचना

**राष्ट्रिय शिक्षा समिति नियमहरू, २०२९**

राष्ट्रिय शिक्षा समिति ऐन, २०२८ को दफा ६ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय शिक्षा समितिले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "राष्ट्रिय शिक्षा समिति नियमहरू, २०२९" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमाः–

(क) "ऐन" भन्नाले राष्ट्रिय शिक्षा समिति ऐन, २०२८ सम्झनुपर्छ ।

(ख) "समिति" भन्नाले ऐनबमोजिम राष्ट्रिय शिक्षा समिति सम्झनुपर्छ ।

(ग) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनुपर्छ र यो शब्दले अध्यक्ष समेतलाई जनाउँछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "सचिव" भन्नाले समितिको सदस्य सचिवलाई सम्झनुपर्छ ।

(ङ) "योजना" भन्नाले ऐनबमोजिमको योजना सम्झनुपर्छ ।

(च) "बैठक" भन्नाले समितिको बैठक सम्झनुपर्छ ।

(छ) "कार्यालय" भन्नाले समितिको कार्यालय सम्झनुपर्छ ।

३. सचिवको काम, कर्तव्य र अधिकारः– सचिवको देहायबमोजिमको काम, कर्तव्य र अधिकार पनि हुनेछ ।

(क) सदस्यहरूसंग परामर्श गरी बैठकमा गर्नु पर्ने छलफलको विषयसूची तयार पार्ने,

(ख) समितिको कामकारवाई, आदेश तथा निर्णयलाई प्रमाणित गर्ने र सम्बन्धित सबैलाई सूचना दिने, र

(ग) शिक्षाका विभिन्न क्षेत्रहरूको वार्षिक लक्ष्य समेत उल्लेख गरी कार्य योजना तयार पार्ने ।

४. समितिको बैठक तथा कार्यविधिः– (१) अध्यक्षको आदेशानुसार सचिवले बैठक बोलाउने छ । तर बैठक बोलाउन कम्तीमा दुइ सदस्यहरूको लिखित अनुरोध भएमा सचिवले बैठक बोलाउन पर्नेछ ।

(२) बैठकको सभापतित्व अध्यक्षले गर्नेछ तर अध्यक्षको अनुपस्थितिमा समितिका पदेन सदस्य शिक्षा राज्य मन्त्रीले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको आधाभन्दा बढी सदस्यहरूको संख्यालाई गणपूरक संख्या मानिनेछ ।

(४) बैठकमा गर्नु पर्ने छलफलको विषयसूची प्रत्येक सदस्य कहाँ २४ घण्टा अगावै पुगिसकेको हुनुपर्दछ ।

(५) बैठकको निर्णयको लागि प्रस्ताव पेश गर्न चाहने कुनै सदस्यले बैठक हुने ४८ घण्टा अगावै त्यस्ता प्रस्तावको ८ प्रति कार्यालयमा पठाउनु पर्नेछ । तर अध्यक्षको स्वीकृति लिई कुनै सदस्यले बैठकमा सोझै पनि प्रस्ताव पेश गर्न सक्नेछ ।

५. कार्यालयः– (क) कार्यालयको प्रमुख प्रशासकीय अधिकारी सचिव हुनेछ ।

(ख) सचिवलाई बिदा दिने अधिकारी अध्यक्ष हुनेछ ।

६. राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएदेखि पांच वर्षसम्मको लागि समितिले निम्नबमोजिमको अधिकार प्रयोग गर्नेछः–

(क) राष्ट्रिय शिक्षा समिति, शिक्षा मन्त्रालय, क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा अधिकारीको कार्यालयको लागि स्वीकृत बजेटको परिधिभित्र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रही, बढीमा ५ वर्षको राजपत्र अनंकित तथा राजपत्रांकित म्यादी पदहरू सिर्जना गर्न सक्नेछ र यी पदहरू खारेज पनि गर्न सक्नेछ ।

(ख) खण्ड (क) मा उल्लिखित कार्यालयहरूको राजपत्रांकित द्वितीय श्रेणीसम्मका कर्मचारीलाई एक कार्यालयबाट अर्को कार्यालयमा सरुवा गर्न तथा कुनै पनि अवधिको लागि काजमा खटाउन वा झिकाउन सक्नेछ । कुनै पनि अस्थायी वा म्यादी रिक्त पदमा का. मु. वा अस्थायी नियुक्ति गर्न तथा कुनै पनि स्थायी रिक्त पदमा बढीमा ६ महीनाको लागि का. मु. वा अस्थायी नियुक्ति गर्न समेत सक्नेछ ।

(ग) स्थायी वा अस्थायी पदमा खण्ड (ख) मा उल्लेख भए अनुसार का. मु. वा अस्थायी नियुक्ति गर्दा आवश्यकतानुसार प्राविधिक पदमा प्रशासकीय कर्मचारीलाई र प्रशासकीय पदमा प्राविधिक कर्मचारीलाई का. मु. वा अस्थायी नियुक्ति गर्न सक्नेछ ।

(घ) खण्ड (क) मा उल्लिखित कार्यालयहरूका राजपत्रांकित तथा राजपत्रअनंकित कर्मचारीहरूलाई पुरस्कार दिन र बढीमा ५ ग्रेड थप गर्नको निमित्त श्री ५ को सरकार समक्ष सिफारिश गर्न र सवारी सुविधा तथा घर भाडा दिन सक्नेछ ।

(ङ) खण्ड (क) मा उल्लिखित कार्यालयहरूको कामको लागि आवश्यकतानुसार करार सेवा अथवा पारिश्रमिकमा कुनै व्यक्ति वा संस्थाबाट कुनै निश्चित अवधिका लागि काम गराउन सक्नेछ ।

(च) समितिले वा शिक्षा मन्त्रालयले गठन गरेको कार्य टोली वा समिति वा उप-समितिको सदस्यहरूलाई बैठक भत्ता र गैर सरकारी सदस्यहरूको सम्बन्धमा दैनिक तथा भ्रमण भत्ता निर्धारण गर्नेछ ।

(छ) शिक्षा शीर्षक बजेट अन्तर्गतको भै परि आउने रकम खर्च गर्न समितिले स्वीकृति दिन सक्नेछ ।

७. बचाउः– ऐन र यस नियममा लेखिए जति कुरामा सोहीबमोजिम र नलेखिएका कुरामा प्रचलित कानूनबमोजिम हुनेछ ।

८. मान्यताः- हालसम्म कार्यालयबाट गरिएका काम कारवाईहरू यसै नियम अनुसार गरिएका मानिने छन् ।

आज्ञाले-
डा. मोहम्मद मोहसिन
सदस्य-सचिव
राष्ट्रिय शिक्षा समिति

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

309

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

302

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।